# रोजगार संयोजकको पदपूर्ति गर्ने सम्बन्धी सूचना

नेपाल सरकारले मुलुकको ७५३ वटै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न निम्नानुसारका **रोजगार संयोजक**को सेवा करारमा खुला प्रतिस्पर्धाद्वारा पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (**२०७५ माघ ४ गते बिहान १०.०० बजेदेखि २०७५ माघ १८ गते दिनको ५.०० बजेसम्म**)

प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np मार्फत अनलाईन दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

**पद तथा दरबन्दीको विवरण**

| क्र.सं | प्रदेश | रा.प.तृतीय श्रेणी (शाखा अधिकृत सरह) | रा.प.अनं. प्रथम श्रेणी (नायब सुव्वा सरह) | कूलजम्मा |
|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | १३० | ७ | १३७ |
| २ | प्रदेश नं. २ | १३६ | – | १३६ |
| ३ | प्रदेश नं. ३ | ११२ | ७ | ११९ |
| ४ | गण्डकी प्रदेश | ७४ | ११ | ८५ |
| ५ | प्रदेश नं. ५ | १०९ | – | १०९ |
| ६ | कर्णाली प्रदेश | ६२ | १७ | ७९ |
| ७ | सुदूरपश्चिम प्रदेश | ८२ | ६ | ८८ |
| | **जम्मा** | **७०५ जना** | **४८ जना** | **७५३ जना** |

**सेवा अवधि:** नियुक्ति भएको मितिबाट १ वर्ष

**न्यूनतम योग्यता:**

(क) राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत सरह) को रोजगार संयोजकका लागि नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह र राजपत्र अनंकित प्रथम श्रेणी, ( नायब सुब्बा सरह) को रोजगार संयोजकका लागि कम्तीमा प्रवीणता प्रमाण पत्रतहवा सो सरह उतीर्ण गरेको,

(ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,

(घ) कम्प्युटर सम्बन्धी देहाय बमोजिमको ज्ञान र सीप भएको,

१. देवनागरी र अंग्रेजीमा दक्षतापूर्वक टाइपिङ्ग गर्न सक्ने ।

२. Computer, Printer, Scanner, Multimediaलगायत उपकरणहरुको प्रयोग गर्न सक्ने सीप भएको ।

३. MS-Office Package (Word, Excel, Access, Power point आदि) को प्रयोग गर्न सक्ने क्षमता भएको ।

४. इमेल इन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको ।

५. व्यवस्थापन सूचना प्रणाली(MIS)सम्बन्धी आधारभूत ज्ञान भएको।

अनलाईन दरखास्तसाथअपलोड गर्नु पर्ने कागजातहरुः (१) नागरिकता प्रमाणपत्र (दुबैपट्टि देखिने), (२) पासपोर्ट साइजको फोटो (हालसालै खिचेको), (३) न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्र, (४) न्यूनतम शैक्षिक योग्यताभन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको लब्धांकपत्र (उपलव्ध भएमा) र (५) कम्तीमा दुई वर्ष काम गरेको अनुभवको प्रमाणपत्र (उपलव्ध भएमा) ।

## सेवा र सुविधा

रोजगार संयोजकको छनौट प्रकृया, तलव भत्ता तथा अन्यसेवा र सुविधा सम्बन्धी व्यवस्था नेपाल सरकार (मन्त्रीपरिषद) बाट स्वीकृत रोजगार संयोजकको पदपूर्ति सम्बन्धी मापदण्ड, २०७५ बमोजिम हुनेछ । यो मापदण्ड www.pmep.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।